# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
२०७३

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल


प.स. - ०८२/०८३
च.नं.- ४४२

मितिः २०८२/०६/०९
ने.सं- ११४५ कौलाथ्व, चतुर्थी

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री यो जो जससँग सम्वन्धित छ।

म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका अन्तर्गत श्री शिख माध्यमिक विद्यालय अन्नपूर्ण - ५, शिखमा रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणी अंग्रेजी विषयको स्वीकृत दरबन्दीमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.४४, मिति २०८२/०६/०९ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा विधुतीय माध्यम वा स्वयं आफै उपस्थित भई निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा (९) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shikhamavi2011@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर। (जानकारीका लागि)
श्री शिक्षा विकास तथा समन्वय इकाइ, बेनी म्याग्दी। (जानकारीका लागि)
श्री शिख माध्यमिक विद्यालय, अन्नपूर्ण -५, शिख। (निर्देशिकाको अनुसूची- ३ बमोजिम निवेदन दर्ता र अभिलेख गर्नुहुन)
श्री सूचना तथा प्रविधि शाखा- (वेबसाइटमा अपलोड गरि केन्द्रको tt@cehrd.gov.np इमेलमा जानकारी पठाइदिनुहुन)